ISSN: 2976-1328 (Online)
2976-1360 (Print)

## Interview -2

# विकासको सन्दर्भमा रुपान्तरणकारी सोच आवश्यक छ

# (Transformative thinking is needed in the context of development)

जनक राई, पीएचडी (Janak Rai, PhD)

**DOI: https://doi.org/10.3126/jsdpj.v2i2.69577**

नेपालमा दशकौंबाट विकासका बारे वहसहरु हुँदै आएका छन् । यसै प्रसंगमा मानवशास्त्री डा. जनक राईसँगको छोटो अन्तवार्ता । प्रधान सम्पादक

**१. नेपालमा विकासलाई कसरी हेर्नु हुन्छ ?**

नेपालको हालको विकासलाई संघीयतापछिको विकासको रुपमा हेरिनु पर्छ । संवैधानिक रुपमा नागरिकलाई प्रदत्त सामाजिक आर्थिक अधिकारहरुलाई केन्द्रविन्दूमा राखेर नीति तथा योजनाहरु बनाइएको देखिदैन् । जबकि हाम्रो मूल दस्तावेज संविधानले सामाजिक तथा आर्थिक नीति बारे केही निर्दिष्ट मार्ग प्रदान गरेको छ । संघीयतापछि विकासको एक्टरहरुमा केही परिवर्तनहरु भएका छन् । जस्तो कि पहिल्यै विकासको खाँका कोर्ने निकाय संघीय सरकार र मातहत मन्त्रालय तथा योजना आयोग प्रमुख एक्टरको रुपमा थिए भने अहिले प्रदेश सरकार र स्थानीय सरकार थपिएका छन् । विकासको सन्दर्भमा स्थानीय सरकारको भूमिका तथा सहभागिता अत्यधिक बढेको छ । दाताहरु एक्टरको रुपमा छदैंछन् ।

यद्यपि विकासको मोडेल बारे खासै चर्चा सुनिदैन । जनताका प्रतिनिधि सभासदहरु नीतिकर्ता हुनु पर्ने हो तर संसदमा विकास बारे गहन बहस भएको पाइदंैन । बहस तथा गोष्ठीहरु अन्यत्रै हुने गरेका छन् । यसमा कर्मचारी तथा योजना आयोगका योजनाविद्हरुको प्रभावका कुराहरु नभएका होइनन् । जनताका प्रतिनिधिहरु आफ्नो क्षेत्र तथा ठाँउमा बजेट पर्यो परेन भन्नेमा बढी केन्द्रीत देखिन्छन् । बजेट तथा विकास कार्यक्रम रातो पुस्तकमा राख्ने उही पुरानो शैली विद्यमान छ । यहाँनेर स्थानीय निकायलाई सोधपुछ हुँदैन । कुन ठाँउको लागि कस्तो विकास मोडेल चाहिने हो त्यसमा ध्यान दिएको देखिदैन । सबै पालिकाहरुको विकास कार्यक्रम लगभग उस्तै छ । हिमालपहाड र तराइमधेशको विकासको खाँका एउटै हुन सक्छ कि सक्दैन भन्ने हो ।

महत्वपूर्ण कुरा के भने विकास अब विकास निर्माणमा केन्द्रीत भएको छ । पूर्वाधार विकासका कुराहरुले प्राथमिकता पाउँदै आएको छ । विकासको कल्पना बाटोघाटो तथा पूल भएको छ । विकास निरन्तर राजनीतिकरण हुँदै गएको छ । कसले ठेक्का पाउने तथा कुन उपभोक्ता समिति मार्फत विकास निर्माणका कार्यहरु कसलाई दिने भन्ने कुरा बढी सुनिन सक्छ । यद्यपि विकास निर्माणको असफलताको दोषीका बारे खासै चर्चा सुनिदैन । विकासले तल्लो वर्ग वा पछाडि पर्दे आएकालाई के कस्तो छोयो छोएन्, त्यसतर्फ ध्यान गएको देखिदैन । यो पनि साँचो हो कि असमानता बढेको छ, सामाजिक न्यायको सन्दर्भमा ह्रस आएको छ । लामो समयसम्म पछाडि पर्दे आएका मानिसहरुको अवस्था हेर्ने हो भने विकासका बारे प्रश्नहरु तेर्सिन सक्छ । तसर्थ समग्रमा विकास जसरी जानु परथ्यो त्यसरी गएको छैन । सारभूत रुपमा भन्नु पर्दा विकासको सन्दर्भमा रुपान्तरणकारी सोच तथा खाँका देखिदैन । विकासको प्राथमिकता तथा निर्धारणमा केन्द्रकृत मानसिकता र व्यवहार देख्न सकिन्छ । हेजोमोनी प्रवृत्ति अझ देख्न सकिन्छ । प्रकृयाहरुले बढी प्राथमिकता पाउँदै आएको छ, जुन सदियौं देखि निरन्तर चल्दै आएको छ ।

**२. दार्शनिक मिसेल फुकोले भने जस्तै अनुशासित समाज तथा सिस्टमका कुराहरु तथा कानूनी राज्यका कुराहरु प्रभावी देखिएन भन्ने छ नि ?**

फूकोले सामन्तवादबाट यूरोपले कसरी फड्को मार्दै विकासमा अगाडि बढ्यो र अनुसाशित समाजको निर्माण भयो भन्ने कुराको व्याख्या गरेका छन् । यसमा राज्यले कसरी शासन गर्छ भन्ने हो । केवल बल प्रयोगले मात्र नभई राज्यको आवश्यकता अनुसार सब्जेक्टको निर्माण हुन्छ । सत्ताशक्ति र ज्ञानको मिश्रणबाट विकास सम्भव भयो भन्ने छ । कानूनी राज्यको स्थापनाको कुरा छ । तर हामी कहाँ नियम तथा सिस्टमका बारे सबैभन्दा बढी प्रश्नहरु तेर्सिदैं आएका छन् । यहाँ नेर जवाफदेहिताको कमी छ । जस्तो कि वर्षो लगाएर मेलम्ची खानेपानीको कुरा भयो, अरबौं रुपियाँ पानी जस्तै बगाइयो तर प्रतिफल के हात लाग्यो त ? यसको जवाफदेहिता कसले लिने ? राज्यलाई के कति क्षति भयो, अनावश्यक व्यवभार भयो, यसको जिम्मेवारीको सवाल खै त ?

जस्तो कि सन् १९९० पछि गरिबी उत्थानको सन्दर्भमा सहकारीको आवधारणा आएको थियो, आन्दोलनको रुपमा । बंगलादेशमा यसको प्रयोगबाट मोहम्मद युनुसले नोबेल पुरस्कार नै पाए । तर हामी कहाँ अहिले यो क्षेत्र बदनाम भएको छ । यसबाट हुनेखानेले नै फाइदा लिएको देखिन्छ । आम सर्वसाधारणको जम्मा भएको रकम कसले चलायो ? किन यहाँ

कार्वाही भएन ? किन नियमनका कुराहरु प्रभावी भएनन ? खै जवाफदेहिता ? अनि कानूनी राज्य कसरी स्थापित हुन्छ ? कसरी अनुसाशित समाज बन्छ ? सत्ताशक्ति क्षेत्रले यसलाई नियन्त्रण गर्न खोजेन, कानून नभएको होइन तर यसको कार्यान्वयन भएन भन्ने हो । यसबाट आम सर्वसाधारण र आर्थिक रुपमा कमजोर मानिसहरु पिडित हुन पुगे । जवाफदेहिता र जिम्मेवारितामा ह्रास आएपछि कसरी कानूनी राज्यको निर्माण हुन्छ ? यसबाट सरकारी तथा सार्वजनिक संस्थाहरु प्रभावकारी भएन भन्ने पनि हो । अनि दिगो विकास कसरी हुन्छ । एलिटिज्म तथा मोनोपोलीका कुराहरुले निरन्तर प्राथमिकता पाउँदै आएको प्रष्ट देखिन्छ ।

### ३. विकास सम्भावनाहरुका बारे कुराहरु गरौं न ?

सबैभन्दा पहिल्यै विकासको परिकल्पना तथा भाष्यको निर्माण आवश्यक हुन्छ । कस्तो समाज बनाउने हो प्रष्ट हुनुपर्छ । समानतामूलक समाज निर्माण गर्ने हो कि, अन्य समाज निर्माण गर्ने हो भन्ने बारे गतिलो भाष्य बनाउन जरुरी हुन्छ । यसमा हाम्रा एक्टरहरुको भूमिका महत्वपूर्ण रहन्छ । तिनको नीति र व्यवहार सबैभन्दा महत्वपूर्ण छ । अर्को कुरा शक्ति सम्बन्धका कुराहरु छन् । सत्ताशक्ति र ज्ञानको प्रयोगको कुरा छ । सम्भावनाहरु रहँदा रहँदै पनि हाम्रो सोच रुपान्तरणकारी हुन नसक्दा विकास सम्भावनाहरु लाई दिगो विकासमा परिणत गर्न सकिरहेका छैनौ ।

*(डा.राई त्रिभुवन विश्वविद्यालय, केन्द्रिय मानवशास्त्र विभागमा प्राध्यापन पेशामा संलग्न हुनुहुन्छ ।)*